निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प्रेस विज्ञप्ति

प.सं. च.नं./Ref:

मिति २०७४।१२।०४

निर्वाचन सुरक्षा कार्य योजना प्रस्तुत

काठमाडौं, चैत ४ । २०७४ बैशाख ३१ गते आइतबार हुने स्थानीय तह निर्वाचनका लागि नेपाल सरकारले तयार गरेको सुरक्षा योजनाबारे छलफल गर्न शुक्रबार निर्वाचन आयोगमा 'सुरक्षासम्बन्धी उच्चस्तरीय बैठक' बस्यो । बैठकमा माननीय प्रमुख आयुक्त डा.अयोधीप्रसाद यादव तथा माननीय आयुक्तहरुसहितको बैठकमा गृह मन्त्रालयका श्रीमान् सचिव लोकदर्शन रेग्मीले यसअघि प्रस्तुत गरिसकेको स्थानीय तह निर्वाचनसम्बन्धी सुरक्षा योजनामा आधारित कार्ययोजना (Operational Plan) प्रस्तुत गर्नुभयो ।

सचिव रेग्मीले सुरक्षा योजना बनाई क्षेत्र र जिल्लामा कार्यान्वयन गर्न निर्देशन दिइएको, परिस्थितिले माग गरेअनुसार सुरक्षा योजना परिमार्जन गरी कार्यान्वयन गरिने जानकारी आयोगलाई गराउनुभयो । सरकारको तर्फबाट सुरक्षा कार्ययोजना प्रस्तुत भएपछि आयोगका तर्फबाट प्रमुख आयुक्त डा. यादवले महिलाको सुरक्षामा विशेष ध्यान दिन सुरक्षा निकायलाई निर्देशन दिनुभयो ।

मतदान केन्द्रभित्र प्रवेश गर्दा नै सुरक्षा जाँच गरेर भित्र प्रवेश गर्न दिने व्यवस्था हुनुपर्ने र विद्युतीय मिडियाबाट निर्वाचनका विषयमा गलत ढङ्गले सूचना प्रवाह भएमा त्यसलाई रोक्न, सुरक्षा निकायले पनि आचार संहिता पालना गर्ने र गराउन तथा आपराधिक गतिविधिका केन्द्रलाई सूक्ष्म रुपमा निगरानीमा राख्न निर्देशन दिनुभयो । प्रमुख आयुक्त यादवले दलहरुको निर्वाचन अभियान कहिलेबाट सुरु हुन्छ र कहाँ कहाँ गरिँदैछ त्यो अभियानमा गृहको स्वीकृति र आयोगको सहमति लिनु अनिवार्य हुनेसमेत निर्देशन दिनुभयो ।

फरक विचार भएका राजनीतिक क्षेत्रबाट भइरहेका धाक-धम्कीलाई कसरी कम गर्ने ? त्यसका लागि नेपाल सरकार, गृह मन्त्रालयले उचित व्यवस्था गर्नुपर्ने सुझाव आयोगबाट राखिएको थियो । आयोगले निर्वाचनमा विशेष सुरक्षा सर्तकता अप्नाउन र कमभन्दा कम बल प्रयोग गर्न पनि सुरक्षा निकायलाई निर्देशन दिएको छ ।

सुरक्षा बैठकमा निर्वाचन आयुक्त माननीय सुधीरकुमार शाहले निर्वाचन अवधिमा देखा पर्ने विभिन्न सुरक्षा संवेदनशीतलतावारे जिज्ञासा राख्दै निर्वाचनको अवधिमा विशेष सुरक्षा रणनीति तथा कार्यनीति अप्नाउन सुझाव पनि दिनुभयो । 'सुरक्षासम्बन्धी उच्चस्तरीय बैठक' मा माननीय आयुक्तहरु ईला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल, आयोगका श्रीमान् सचिव गोपीनाथ मैनाली सहभागी हुनुहुन्थ्यो । यसैगरी, श्रीमान् रक्षा सचिव श्रीधर सापकोटा, चारवटा सुरक्षा निकायहरुबाट नेपाल प्रहरीका निमित्त प्रमुख डा. दिनेशचन्द्र पोखरेल, सशस्त्र प्रहरी प्रमुख सिंहबहादुर श्रेष्ठ, मुख्य अनुसन्धान निर्देशक दिलीपराज रेग्मी र नेपाली सेनाका सहायक रथि ईश्वर रिमाल सहभागी हुनुहुन्थ्यो ।

सूर्यप्रसाद शर्मा
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website:www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"